## बर्दिवास नगरपालिका नगर कार्यपालिकाको मिति २०७५।१०।२० का निर्णयहरु

१. यस नगरपालिकामा समावेश भएका साविकका गा.वि.स. हरुको आ.ब. २०७२।७३ को अन्तिम लेखा परिक्षण कार्य बाकी रहेकाले सूचना प्रकाशित गरि दर्तावाला लेखापरिक्षकहरुबाट लेखा परिक्षण गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

२. जिल्ला समन्वय समिति मौजुदा कोष निर्देशिका २०७५ बमोजिम महोत्तरीमा गठित समिति समक्ष तपशितका योजनाहरु छनौट गरी पठाउने ।

- ❖ वडा नं. ११ मा प्रसुति गृह निर्माण ।
- ❖ वडा नं. २ मा दृष्टि विहिनहरुको तालिम केन्द्र निर्माण ।
- ❖ वडा नं. १० झ्याउरे भांग्रे खानेपानी योजना ।

३. मेयर कृषि कार्यक्रमको लागि तोकिएको जग्गा देखि उत्तर वडा नं. ६, २ र १४ को ७ नं. ऐलानी प्रति नदि उकास २०० विगाहा जग्गा वर्दिवास नगरपालिका वडा नं. ६ मा अवस्थित प्राकृतिक स्रोत तथा व्यवस्थापन कलेज वर्दिवास महोत्तरीलाई उपलब्ध गराउने ।